# लेखापरीक्षण प्रतिवेदन
# सिन्धुली
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | | ३ |
| | ३.१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.२ | जिल्ला कृषि विकास कार्यालय | ४ |
| | ३.३ | जिल्ला जनस्वास्थ्य कार्यालय | ५ |
| | ३.४ | जिल्ला बन कार्यालय | ७ |
| | ३.५ | जिल्ला विकास समितिको कार्यालय | ९ |
| | ३.६ | जिल्ला शिक्षा कार्यालय | १३ |
| | ३.७ | डिभिजन सडक कार्यालय, खुर्कोट | १४ |
| | ३.८ | नयाँ शहर आयोजना, खुर्कोट | १७ |
| | ३.९ | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | १८ |
| | ३ .१० | सिंचाई बिकास डिभिजन कार्यालय | १९ |
| ४ | आन्तरिक लेखापरीक्षण | | २० |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | | २२ |
| अनुसूची २ : बेरुजूको स्थिति | | | २४ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकिकृत आय व्यय विवरण | | | २५ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | | २६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची - १ बमोजिम १२ कार्यालयको विस्तृत र ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४४ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.५ अर्ब ६९ करोड ९१ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. बेरुजू : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २४ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १७३ र रु.१२ करोड ६९ लाख ४४ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म बेरुजू फछ्र्यौट हुने प्रमाण सहितको प्रतिकृया प्राप्त भएन। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका ४० दफा मिलान गरी बाँकी १३३ दफा कायम गरीएको छ। लेखापरीक्षणको क्रममा रु.२२ लाख ९९ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.१० लाख २५ हजार, अनियमित रु.८ करोड ८३ लाख ५८ हजार र पेश्की रु.३ करोड ७५ लाख ६१ हजार रहेको छ। यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची- ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कन्टीन्जेन्सी खर्चको अभिलेख नराखेको, खर्चको अख्तियारी समयमा प्राप्त नभएको, खरिद योजना तयार नगरेको, मुल लागत अनुमान स्वीकृत नगराई आयोजना संचालन गरेको, जस्ता कमीकमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार विभिन्न ५ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.७,४७,१९,१२०।०० मध्ये प्रथम चौमासिकमा १ प्रतिशत, दोश्रो चौमासिकमा १७ प्रतिशत र तेश्रो चौमासिकमा ८२ प्रतिशत खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र ४६ प्रतिशत खर्च भएको छ। अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्ध रुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

३. **बार्षिक लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसारको कार्य सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ। कार्यालय बाट प्राप्त प्रगति विवरण अनुसार रु.३ करोड ५५ लाखका विभिन्न १४ आयोजनाहरुको लक्ष्य अनुसार प्रगति भएको देखिएन। लक्ष्य बमोजिमको प्रगति हाँसिल हुनुपर्दछ।

४. **ठेक्का बन्दोवस्त** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयले रु.१ करोड ५७ लाख १४ हजारका विभिन्न ५ आयोजनाहरुको ठेक्का सम्झौता तेस्रो चौमासिकमा गरेको छ भने सो मध्ये रु.१ करोड १९ लाख ६२ हजारको विभिन्न ३ आयोजनाहरुको सम्झौता आषाढ महिनामा मात्र भएको छ। यसबाट समयमा आयोजना सम्पन्न नहुने र सो आयोजनाबाट प्राप्त हुने लाभ/प्रतिफल प्राप्तीमा ढिलाई हुने देखिन्छ। समयमा ठेक्का बन्दोवस्त गरी आयोजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५. **उपभोक्ता मार्फत भएको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१)मा साठी लाख रुपौँया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही सामुदायवाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ। कार्यालयले साठी लाख रुपैँया भन्दा माथि लागत अनुमान भएका जम्मा रु.३९ करोड ४३ लाख ९० हजारका विभिन्न २४ आयोजनाहरु उपभोक्ता संस्था मार्फत संचालन गरी यो बर्ष रु.५ करोड २३ लाख ९४ हजार खर्च गरेको छ। तोकिएको लागत अनुमान भन्दा बढिको कार्य उपभोक्ता संस्था मार्फत गराउँदा निर्माण कार्यको अनुभब जस्ता कार्यले आयोजनाको गुणस्तरमा असर पर्नसक्ने एबं प्रतिस्पर्धी एवं मितव्ययी समेत नहुने देखिन्छ। साठी लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य ठेक्का मार्फत गराउनुपर्दछ।

६. **कन्टीजेन्सी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कन्टिजेन्सी वापतको २ प्रतिशत रकम रु.१०,५०,०००।०० खानेपानी तथा ढल निकास विभाग पठाएको रकमको खर्च साथ विल भरपाई संलग्न देखिएन । विल भरपाई सहितको लेखा नराख्दा खर्च एकीन नहुने देखियो । उक्त खर्चको लेखापरीक्षण भएको प्रमाण वा विल भरपाई पेश हुनुपर्दछ ।

७. **पाईप खर्च :** खानेपानी तथा ढल निकास विभागको ०६३।१।३१ को परिपत्र अनुसार सम्बन्धित योजनाको नाममा खरिद गरिएको पाईपहरु आयोजनाको जिन्सी खातामा जडान/खपत प्रमाणित नभए सम्म माग फारम भर्नेको नाममा बाँकी देखाउनुपर्ने र जडान खपत भईसकेपछी सोको आधारमा जिन्सी मौज्दात कट्टा गर्नुपर्ने प्रकृया तोकीएको छ। यो बर्ष कार्यालयको जिन्सी खाताबाट खर्च जनाई विभिन्न १९ आयोजनाहरुको लागि निकासा गरिएको रु.४२ लाख २६ हजार मुल्यको विभिन्न प्रकारको पाईपहरु सम्बन्धित आयोजनाहरुको नापीकितावमा जडान खर्च जनाएको पाईएन । जिन्सी खाताबाट खर्च जनाइएको पाईपहरु नापीकितावमा खर्च भएको नदेखिँदा पाईप जडान भएको छ भनि एकिन गर्न सक्ने आधार भएन् ।

८. **प्रतिस्पर्धाको स्थिति :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(१) मा बोलपत्र वा पुर्वयोग्यताको प्रस्ताव आह्वानको सुचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईटमा राख्नुपर्ने र दफा ६९(१) मा विद्युतिय सञ्चारको माध्यमबाट खरिद कारोवार गर्न सक्ने व्यवस्था छ। कार्यालयले आह्वान गरेको विभिन्न ५ ठेक्काको बोलपत्रमा लागत अनुमानको तुलनामा स्वीकृत रकम शुन्य प्रतिशत देखी ३ प्रतिशतले मात्र कम रहेको छ। यसबाट ठेक्का प्रकृयामा प्रतिस्पर्धा न्यून देखिन्छ। सम्पुर्ण बोलपत्रको सुचना विद्युतिय सञ्चार माध्यमबाट समेत आह्वान गरी प्रतिस्पर्धात्मक बनाउने तर्फ कार्यालयले पहल गर्नुपर्दछ।

९. **मुल विवाद :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा कार्यालयले कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग छलफल गरेर ठेक्का पट्टा स्वीकृत गर्नुपर्ने व्यवस्था छ । डिभिजनबाट संचालित रु.८३,०१,५००।०० लागत अनुमान भएको भिमेश्वर खानेपानी आयोजना २०७१।७२ मा शुरु भएकोमा २०७२।७३ सम्म मा रु.१५,४३०००।०० खर्च भएको छ । हाल मुल विवादको कारण उक्त आयोजनाको निर्माण कार्य रोकिएको छ। मुल विवादलाई निराकरण नगरी योजना सञ्चालन गरेकोले विचमा आएर आयोजना रोकिएको देखिन्छ। मुल विवादलाई निराकरण गरी योजना सुचारु गर्नुपर्दछ।

१०. **टुक्रा पारी खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा कार्यालयले प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । डिभिजनले यो बर्ष रु.१९,७७,४२५।५१ लागत अनुमान भएको दुधौली जलकिने ट्रिटमेन्ट ल्पान्टको रिटेनीङ्ग वाल निर्माण कार्य ४ टुक्रा पारी सोझै प्रकृयाद्धारा निर्माण कार्य गरेको पाईयो । ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम एउटै प्रकृतिको सामानहरुको एउटै प्याकेज बनाई टेन्डर आह्वान गरी खरिद गर्नुपर्दछ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, खरिद कार्य सँग सम्बन्धी अभिलेख नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको

मूल्य नखुलाई आम्दानी बाँधेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **चौमासिक र आषाढ महिनाको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार विभिन्न २ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.७४,८५,४४७- मध्ये प्रथम चौमासिकमा १० प्रतिशत, दोश्रो चौमासिकमा ४४ प्रतिशत र तेश्रो चौमासिकमा ४६ प्रतिशत खर्च भएको देखिन्छ। अन्तिम चौमासिकमा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

३. **टुक्रा पारी खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा कार्यालयले प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले भुकम्प प्रभावित क्षेत्रका विभिन्न ५० वटा कृषि समुहका कृषकहरुलाई एग्रोनेट हजारी, काउली, बन्दा, ब्रो काउली र प्याजको बिउ, विषादी, प्राङ्गारीक सेट पोलीव्याग लगायतका रु.१८ लाखको कृषि समाग्रीहरु विभिन्न ४ विक्रेताहरुबाट कोटेशन माग गरी सोझै खरिद गरेको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम एउटै प्रकृतिको सामानहरुको एउटै प्याकेज बनाई बोलपत्र आह्वान गरी खरिद गर्नुपर्दछ।

४. **बढी भुक्तानी :** भवन निर्माण कार्यको एक निर्माण व्यवसायीसँग भएको सम्झौतामा ४ एम.एम. ग्लाज्ड सुटर कार्यको प्रति इकाई रु.८००।- भुक्तानी दिने उल्लेख भएकोमा २९.५८ परिमाणको रु.८६८.६८ को दरले रु.२०३१।५५ बढी भुक्तानी भएकोले असुल हुनुपर्दछ।

५. **स्थलगत निरिक्षण :** रतनचुरा गा.वि.स. निवासी एक कृषकले सञ्चालन गरेको जुनार विरुवाको स्क्रीन हाउस निर्माणको लागि रु.९,१३,८३५।७६ लागत अनुमान भएकोमा कार्यालयले रु.७,००,०००।- अनुदान दिएको छ। २०७३।३।१० मा सम्झौता भई २०७३।३।२४ मा सम्पन्न उक्त स्क्रीन हाउसको २०७३।१०।७ मा निरिक्षण गर्दा वरीपरी निर्माण गर्नुपर्ने कुलेसो निर्माण नगरेको, सर्पोटिङ्ग वाल केही चर्कीएको पाईयो । जुनारको दाना रोपेर विउ उमार्ने कार्य सम्पन्न भएको छैन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, अख्तियारी समयमा प्राप्त नभएको, चौमासीक खर्च समानुपातीक रुपमा नगरेको, ठेक्का बन्दोबस्त प्रथम चौमासिकमा हुने नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नभएको, विल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, खरीद योजना तयार नगरेको, भ्रमणमा खटिने कर्मचारीहरुले भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको जस्ता कमीकमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **भेरिएसन आदेश** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८(२) मा सम्झौता मुल्यको १५ प्रतिशत भन्दा बढीको भेरिएसन मन्त्रिपरिषदको आदेश मा मात्र जारी गर्ने व्यवस्था छ । कार्यालयले एक मेडिसन सप्लायर्स सँग औषधी खरीदको लागि रु.१५,७६,९७१।- मा सम्झौता गरेकोमा रु.१२,५१,५५०।- वरावरका औषधी आपूर्ति गरेको र सोही आपूर्तिकर्तालाई २०७२।१२।७

मा रु.१२,६०,९५०।- थप आपूर्तिको लागि कार्यादेश दिएकोमा रु.१२,५१,५५०।- को औषधी आपूर्ति गरेको देखिएकोले ७९.९६ प्रतिशत सम्म भेरिएशन आदेश दिएको अनियमित देखियो । नियममा भएको व्यवस्थाको परिपालना नहुँदा आर्थिक अनुशासनमा असर पर्ने भएकोले तोकिए बमोजिमको प्रकृया पुरा गरी भेरिएशन आदेश जारी गर्नुपर्दछ ।

३. **अनुगमन मुल्यांकन खर्च :** अनुगमन मुल्यांकनमा रु.२,५७,०००।- व्यवस्था भएको बजेट कार्ययोजना बनाएर अनुगमन मुल्यांकन गरी खर्च गर्नुपर्नेमा पुरै रकम कार्ययोजना बनाएर खर्च नगरी दैनिक भ्रमण भत्तामा कार्यालय कामकाज, पत्र बुझाउने, खोप भ्याक्सिन बुझाउने जस्ता भ्रमणको उद्देश्य देखाई दैनिक भ्रमण भत्तामा खर्च गरेको देखियो । अनुगमन मुल्यांकनको लागि व्यवस्था भएको बजेट सोही कार्यमा खर्च नहुँदा कार्यक्रम प्रभावकारी नहुने भएकोले उद्देश्य बमोजिमको कार्यमा खर्च हुनुपर्दछ ।

४. **अ.न.मी. नियुक्ती :** स्वीकृत कार्यक्रम अनुसार अस्पताल तथा एस.वि.ए.टी. तालीम साईट एवं प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टा प्रसुती सेवा संचालनको लागि २० जना अ.न.मी. करारमा नियूक्त गर्न सकिने व्यवस्था छ । कार्यालयले नर्म्स भन्दा ११ जना बढी अ.न.मी. नियूक्त गरी तलब भत्ता बापत रु.३,८४,०००।- खर्च गरेको छ । नर्म्सले तोकेको भन्दा बढी नियुक्ती गरी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

५. **नर्म्सभन्दा बढी खर्च :** जिल्ला स्तरिय कार्यक्रम सञ्चालन निर्देशिका इपिडिमियोलोजी माहाशाखाको २०७२।७३ को बुँदा नम्बर २२ मा हाईड्रोशिल अपरेशन प्रचार प्रसारमा एकमुष्ठ रु.५०,०००।- खर्च गर्न सकिने र उक्त रकम कटाई प्रतिकेश रु.५,०००।- खर्च गर्न सकिनेमा जम्मा ३१ केश अपरेशन गरेको देखिएकोले अन्य खर्च रु.१,५५,०००।- समेत रु.२,०५,०००।- खर्च गर्नुपर्नेमा एक औलो सुपरभाईजरको रु.३,८०,०००।- को विलभरपाई संलग्न गरी पेश्की फछ्र्यौट गरेकोमा नर्म्स भन्दा बढी खर्च गरेको रु.१,७५,०००।- असुल हुनुपर्दछ ।

६. **पेश्की कारोवार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । कर्मचारीहरुलाई बार्षिक कार्यक्रममा भएको एकमुष्ट रकम पेश्की दिएको देखिएकोले कार्यक्रम सञ्चालन गर्दा कार्ययोजना बनाई कार्यालयबाट सोझै भुक्तानी हुन सक्ने रकम सोझै भुक्तानी गरी पेश्की नदिई नहुने कार्यमा तोकिएको स्थानमा तोकिएको कार्यक्रम सञ्चालन गर्न पेश्की दिने र कार्यक्रम सञ्चालन गरी फर्किएपछि पेश्की फछ्र्यौट गरेर मात्र अर्को पेश्की दिई पेश्की कारोवारमा नियन्त्रण हुनुपर्दछ ।

७. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसारको कार्य सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय बाट प्राप्त प्रगति विवरण अनुसार विभिन्न १९ कार्यक्रमको प्रगती शुन्य, १ कार्यक्रमको प्रगती २५ प्रतिशत मात्र र विभिन्न ११ कार्यक्रमको प्रगती ५० प्रतिशत सम्म मात्र रहेको छ । लक्ष्य अनुसार प्रगति नहुँदा कार्यक्रमको उद्देश्य पुरा भई सेवाग्राही लाभान्वित नहुने भएकोले उल्लेखित कुराहरुमा सुधार गरी लक्ष्य बमोजिमको प्रगति हाँसिल हुनुपर्दछ ।

८. **असम्बन्धित शिर्षकबाट खर्च :** महालेखा नियन्त्रक कार्यालयले जारी गरेको नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०७१ बमोजिम सम्बन्धित संकेत नम्बर र शिर्षक अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ। फिल्ड भत्ता पाउने कर्मचारीहरुलाई फिल्ड भत्ता भुक्तानी गर्दा खर्च शिर्षक नं. २१११४ बाट लेख्नु पर्नेमा २१११२ बाट रु.१,५४,८००।- खर्च लेखेकोले खर्च नियमित देखिएन ।

९. **सामाजिक सुरक्षा कर :** कार्यालयमा कार्यरत २३० जना स्थायी कर्मचारीहरुलाई पोसाक भत्ता वापत रु.७,५००।- को दरले जम्मा रु.१७,२५,०००।- खर्च लेखेकोमा उक्त रकमको सामाजिक सुरक्षा कर रकम रु.१७,२५०।- कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१०. **तलब खर्च :** अ.हे.व पाँचौ बाट छैटौ तहमा बढुवा भएका विभिन्न ४ कर्मचारीलाई बढुवाको निर्णय मिति बाट माथिल्लो पदको तलब भुक्तानी गर्नुपर्नेमा जेष्ठता कायम हुने मितिबाट माथिल्लो पदको तलब भुक्तानी गरी रु.६६,४५७।६० बढी खर्च लेखेकोले असुल गर्नुपर्दछ । साथै मिति २०७३।३।२६ देखी लागु हुनेगरी स्वेच्छिक अवकास प्राप्त विभिन्न ६ कर्मचारीहरुको आषाढ महिनाको पुरै तलब भुक्तानी दिई रु.२६,२१२।३० बढी खर्च लेखेको समेत रु.९२,६६९।९० असुल गर्नुपर्दछ ।

११. **भरपाइ बेगर खर्च :** इपिडिमियोलोजी कार्यक्रममा गोष्ठि संचालन गरे वापत एक कर्मचारीले पेश गरेको कागजात बमोजिम रु.३०,०००।- सोधभर्ना भुक्तानी लिएकोमा आतेजाते खर्च वापत विभिन्न दुई कर्मचारीलाई प्रति व्यक्ति रु.२,०००।- को दरले जम्मा रु.४,०००।- नबुझाई खर्च लेखेकोले असूल हुनुपर्दछ ।

## जिल्ला बन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, ठेक्का बन्दोबस्त प्रथम चौमासिकमा हुने नगरेको, खरिद योजना तयार नगरेको, मुद्धा समयमा फछ्र्यौट नगरेको, घुम्ती कोषबाट काठ बरामद गरि संकलन गर्दा खर्च भएको रकमको कुनै रेकर्ड नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार विभिन्न ५ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.१,९५,७३,९६६।८५ मध्ये प्रथम चौमासिकमा ३ प्रतिशत, दोश्रो चौमासिकमा २७ प्रतिशत र तेश्रो चौमासिकमा ७० प्रतिशत खर्च भएको देखिन्छ । आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३. **बन अतिक्रमण :** कार्यालयले जिल्लाका विभिन्न गा.वि.स.हरुमा ७,७४५।४५ हेक्टर बन क्षेत्र अतिक्रमणमा परेको जनाएकोमा यो बर्ष कुनैपनि क्षेत्रबाट अतिक्रमण हटाउन सकेको छैन । वन क्षेत्र अतिक्रमणबाट बन विनास हुने भएकोले कार्य योजना बनाई बन अतिक्रमण नियन्त्रण गर्नुपर्दछ ।

४. **अन्य प्रयोजनको जग्गा :**

४.१ खिम्ति-ढल्केवर २२० के.भी प्रशारण लाईन आयोजना र वन विभाग वीच २०६६।१।५ मा भएको सम्झौता अनुसार दोलखा रामेछाप सिन्धुली महोतरी र धनुषा जिल्लाहरुमा पर्ने २४ हजार ९६७ रुख संख्यालाई २५ ले गुणा गर्दा हुने ६,२४,१७५ विरुवा र उक्त वन क्षेत्रको जग्गा प्रयोग गरेवापत प्रति हेक्टर १६०० का दरले १२५.१३ हेक्टरको २,००,२०८ विरुवा समेत कुल ८,२४,३८३ विरुवा

आयोजनाले आफ्नै खर्चमा बृक्षारोपण गरी पाँच बर्ष सम्म स्याहार संभार पश्चात जिल्ला बन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेमा सो बमोजिम भएको छैन । बन क्षेत्रको संरक्षण गर्न सम्झौतामा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

४.२ जिल्ला वन कार्यालय र जिल्ला विकास समिति विच २०६८ फाल्गुण १२ मा भएको सम्झौता अनुसार पिपलमाडी-कर्मैया जिल्ला सडक आयोजनालाई १,८१४ रुख हटाई ३.५ हेक्टर वन क्षेत्रको जग्गा सडक निर्माणको लागि भोगाधिकार उपलब्ध गराएकोमा कटान हुने रुख विरुवा संख्याको १:२५ को अनुपातमा हुने विरुवा बन कार्यालयले तोकिदिएको स्थानमा सम्बन्धित आयोजनाले आफ्नै लागतमा बृक्षारोपण गरी पाँच बर्ष सम्म स्याहार संभार र संरक्षण गरी वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । आयोजनाले हालसम्म वृक्षारोपण गरेको नदेखिएकोले सम्झौतामा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

५. **स्थायी लेखा नम्बर :** आयकर ऐन २०५८ को दफा ७८ अनुसार कुनै पनि व्यक्तिको पहिचान गर्ने प्रयोजनको लागि आन्तरिक राजश्व विभागले स्थायी लेखा नम्बर जारी गर्ने उल्लेख छ । साथै वन नियमावली २०५१ को नियम २७ (छ) अनुसार दर्ता हुने सामुदायिक वनहरु आयकर ऐन २०५८ बमोजिमको व्यक्तिको परिभाषा भित्र पर्ने उल्लेख छ । यस जिल्लामा वन नियमावली २०५१ अनुसार हस्तान्तरण भएका ४६४ सामुदायिक बन उपभोक्ता समुह मध्ये अधिकांश उपभोक्ता समुह आयकरमा दर्ता भएको देखिएन । आयकर प्रयोजनको लागि सामुदायिक बन उपभोक्ता समुहहरुले स्थायी लेखा नम्बर लिनुपर्दछ ।

६. **बक्यौता असुली** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार सिन्धुली-खुर्कोट सडक र नेपाल विद्युत प्राधिकरणलाई बन क्षेत्र उपयोग गर्न दिए बापत सम्झौता बमोजिम प्राप्त हुनुपर्ने रकम रु.१,३७,९०४।- प्राप्त भएको छैन । सम्झौता बमोजिमको रकम असुल गरी राजश्व आम्दानी बाँध्नु पर्दछ । साथै आर्थिक विवरणमा वन क्षेत्रको आय रकम रु.३८,३५,५४१।७५ असुल गर्न बाँकी बक्यौता देखिएकोमा गत विगत बर्ष देखिको टिम्बर कर्पोरेशनका काठ बाट प्राप्त हुनुपर्ने आम्दानी बक्यौता रहेको देखिन्छ । हाल सम्म असूली नभएको र काठ मौज्दातमा समेत नरहेकोमा समयमा असूली तर्फ कारवाही नभएकोले बक्यौता रहेको रकमको सम्बन्धमा प्रकृया अगाडी बढाई असूलीको कारवाही टुङ्गयाउनु पर्दछ ।

७. **वितरित विरुवाको अवस्था :** आ.ब. २०७०।७१ मा वितरण गरीएको विरुवाको वितरण तथा अनुगमन प्रतिवेदन अनुसार राष्ट्रपति चुरे संरक्षण कार्यक्रम र राष्ट्रिय वन व्यवस्थापन तथा विकास कार्यक्रम अर्न्तगत विभिन्न १५ व्यक्ति/समुह/संस्थालाई वृक्षारोपणको लागि ३०,७९५ विरुवा वितरण गरेकोमा १,४४० (४.८३ प्रतिशत) विरुवा मात्र जिवित रहेको पाईयो । वितरित विरुवाहरु मध्ये जिवित विरुवाको संख्या एकदमै कम रहेकोले विरुवा उत्पादन तथा वृक्षारोपणमा गरीएको लगानीको प्राप्त प्रतिफल न्यून देखिन्छ । वृक्षारोपण गरीएका विरुवालाई बचाउने तर्फ कार्यालयले विशेष पहल गर्नुपर्दछ ।

८. **कार्य योजना नविकरण :** कार्यालय अन्तर्गतका ४६४ सामुदायिक बन उपभोक्ता समुहमध्ये २०० सामुदायिक बन उपभोक्ता समुहको कार्य योजना नविकरण भएको छैन । तोकिए बमोजिम सामुदायिक बन उपभोक्ता समुहहरुलाई कार्ययोजना नविकरण गर्न लगाई सो कार्य योजना अनुसार कार्य गराउनुपर्दछ ।

९. **जि.वि.स.लाई पठाउनुपर्ने रकम :** वन ऐन, २०४९ को दफा ४८ (क) मा काठहरुको विक्रीवाट प्राप्त रकम मध्येवाट जिल्ला विकास समितिको कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विगत बर्ष

देखि जिल्ला विकास समितिमा पठाउन बाँकी देखिएको रकम रु.२५,०७,५१५।३८ र यो बर्षको रु.२,९१,४१०।८० समेत रु.२७,९८,९२६।१८ धरौटी खातामा रहिरहेको देखिन्छ । नियमानुसार पठाउनुपर्ने रकम जिल्ला विकास समितिलाई पठाई हिसाव मिलान गर्नुपर्दछ ।

१०. **धरौटी खाता :** वन ऐन, २०४९ को दफा ४८ (क) मा काठहरुको बिक्री वितरणवाट प्राप्त रकम राजश्वमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्षको अन्त्यमा प्राप्त वन क्षेत्रको आय रकम रु.२,१९,७९४।- धरौटीमा राखेकोले राजश्व खातामा दाखिला भएको देखिएन । उक्त रकम नियमानुसार राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

११. **धरौटी सदरस्याहा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(२) अनुसार काम समाप्त भई म्याद नाघेको धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्व आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । आर्थिक बर्षको अन्त्यमा म्याद नाघेको धरौटी मौज्दात रकम रु.८१,९४,१५५।९७ विगत बर्ष देखि जिम्मेवारी सार्दै आएको देखियो । मौज्दात रकम मध्ये जिल्ला विकास समितिमा पठाउनुपर्ने रु.२७,९८,९२६।१८ जिल्ला विकास समितिमा पठाई बाँकी हुने रकम ५३,९५,२२९।७९ प्रक्रिया पुऱ्याई सदरस्याहा नगरेकोले नियममानुसार सदरस्याहा गर्नुपर्दछ ।

१२. **राजश्व अद्यावधिक नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजश्व लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । न्यायिक दण्ड जरिवाना वापत आर्थिक बर्षको अन्त्यमा असुल गर्न बाँकी रकम रु.९,४६,८९३।०२ रहेकोमा आर्थिक विवरणमा रु.९,८६,४४०।०१ देखिएवाट रु.३९,५४६।९९ फरक देखियो । बक्यौता असूली लगत र आर्थिक विवरणमा देखाएको रकम एकीन नगरेको कारणले फरक परेको देखिन्छ । आर्थिक विवरण र बक्यौता लगतमा फरक देखिएको रकम एकीन हुनुपर्दछ ।

१३. **असम्बन्धित शिर्षकबाट खर्च :** महालेखा नियन्त्रक कार्यालयले जारी गरेको नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०७१ बमोजिम सम्बन्धित संकेत नम्बर र शिर्षक अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले वन विभागको२०७१।८।८ पत्र बमोजिम नियुक्त ४ बन रक्षकहरुको पारिश्रमिक खर्च अन्य सेवा शुल्क शिर्षक (२२४१२) बाट खर्च लेख्नु पर्नेमा तलव शिर्षक (२११११) बाट रु.७,०९,४४०।- खर्च लेखेकोले नियमित देखिएन ।

१४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । विभिन्न २ निर्माण व्यवसायीलाई दिएको मेविलाईजेशन पेश्की रु.१७,५०,०००।- र कर्मचारी पेश्की रु.२५,०००।- गरी जम्मा रु.१७,७५,०००।- पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आर्थिक विवरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाम हुनु भन्दा कम्तीमा सात दिन अगाडी आर्थिक कारोवार बन्द गरी निकासा र खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्ने व्यवस्था छ । झोलुङ्गे पुल कार्यक्रम तर्फ बर्षान्तमा को.ले.नि.का. फिर्ता गर्दा रु.१,३५,०५,०००।- बढी फिर्ता गएकोले आर्थिक विवरणमा निकासा र खर्च रु.८,३७,७२२।- ऋणात्मक देखाएको छ । यथार्थ खर्च भएको रकम रु.१,२६,६७,२७८।- आर्थिक विवरणमा प्रस्तुत नहुँदा नोट लेखेर प्रष्ट्याईएको देखिन्छ । आर्थिक

विवरणमा यथार्थ निकासा खर्च रकम उल्लेख गरी बढी निकासा फिर्ता गएको रकम बैंक हिसाव मिलान विवरणबाट स्पष्ट हुनुपर्ने र मौज्दात बाँकी रकम एकीन गरेर को.ले.नि.का. फिर्ता हुनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नभएको, कार्यालयले उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान नभएको, बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको, प्रथम चौमासिक अवधिमा ठेक्का पट्टा स्वीकृत नभएको, कन्टीन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, नदी क्षेत्रबाट उठाउन मिल्ने ढुङ्गा, गिट्टी, बालुवा, रोडा दोहनको परीमाण नियन्त्रण गर्ने व्यवस्था लागु नगरेको, ठेक्का सम्बन्धी लगत अनुसूचि ६६, ठेकेदार, उपभोक्ता समितिको व्यक्तिगत खाता अनसुची ६८, खरिदको गरुयोजना, अनुसूची ७२ नराखेको, आन्तरिक लेखापरीक्षणबाट औंल्याईएको बेरुजू रु.१६,५५,१८४।- लेखापरीक्षण अवधि सम्म फछ्र्यौट नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **खर्च स्थिति** : केन्द्रीय अनुदान तर्फ कुल पूँजीगत खर्च रु.२४ करोड ७१ लाख २८ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.२८ लाख ३१ हजार (१.१५%), दोस्रो चौमासिकमा रु.४ करोड ४६ लाख ६८ हजार (१८.०७%) र तेस्रो चौमासिकमा रु.१९ करोड ९६ लाख २९ हजार (८०.७८%)खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१५ करोड ९७ लाख २१ हजार (६४.६३%) खर्च गरेको पाइयो । तोकिएको कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

४. **म्याद थप :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार ठेक्का अंक रु.६,२४,७७,११४।८४ को विभिन्न ९ ठेक्काको म्याद सत प्रतिशत भन्दा बढी म्याद थप भएको छ । तोकिएको म्याद भित्र कार्य सम्पन्न गर्नुपर्दछ ।

५. **बजेट अवण्डा :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डा राख्न नपाइने व्यवस्था छ । कार्यालयले २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रम मध्ये आयोजनागत बजेट बाँडफाँड नगरी झोलुङ्गे पूल तर्फ रु.१ करोड १६ लाख ८६ हजार अवन्डा राखेको देखिएकोले नियममा तोकिए वमोजिम आयोजनागत बजेट बाँडफाँड गर्नुपर्दछ ।

६. **उपभोक्ता समूह गठन :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०८ मा जिल्ला विकास योजना अन्तर्गतका आयोजनाहरु कार्यान्वयन गर्दा आयोजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येवाट उपभोक्ता समिति गठन गराउनु पर्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(५)(ज) मा आयोजना सम्पन्न भएपछि उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गठन भएका उपभोक्ता समितिहरुको दर्ता र नविकरण गर्ने व्यवस्था भएको देखिएन । उपभोक्ता समितिवाट भएको निर्माण कार्यको प्रभावकारी कार्यान्वयन, संचालन र रेखदेखमा दिगोपना ल्याउन उपभोक्ता समितिलाई स्थायित्व, जिम्मेवारीपन एवं भरपर्दो वनाउन उपभोक्ता समिति दर्ता, नविकरण हुनु जरुरी देखिन्छ ।

७. **सामाजीक सुरक्षा कर :** आयकर ऐन २०५८ को दफा ८७ मा रोजगार दाताबाट अनुसुची १ बमोजिम करयोग्य आयको एक प्रतिशत कर लाग्ने व्यवस्था छ । गाउँ विकास समितिका ४१ सचिवहरुलाई प्रोत्साहन भत्ता वापत रु.९,६५,८५८।- वितरण गर्दा १ प्रतिशतले हुने रकम रु.९,६५८।५८ कट्टा गरेको देखिएन । कर कट्टा गर्न छुट भएको रकम असुल गर्नुपर्दछ ।

८. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट साना पूर्वाधार योजना संचालनका लागि रु.३६००००।- को दरले १० गा.वि.स.लाई रु.३६,००,०००।- निकासा भएकोमा विल भरपाई एवं कार्य सम्पन्न प्रतिवेदन पेश हुन आएन । विल भरपाई एवं कार्यसम्पन्न प्रतिवेदन पेश नहुँदा खर्चको सुनिश्चितता हुन नसकिने हुँदा विल भरपाई एवं कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

९. **मर्मत संभार कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५४ मा आन्तरिक आयबाट विशेष कोषमा रकम विनियोजन गर्न सकिने व्यवस्था छ। ग्रामिण खानेपानीको बजेट बाट मर्मत संभार कोष खातामा दाखिला गरेको रकम रु.३,२०,०००।- नियमानुसार देखिएन ।

१०. **वीमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२० मा दश लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ। दश लाख रुपैंया भन्दा बढीको निर्माण कार्य गर्ने विभिन्न ५ निर्माण व्यवसायीले रु.१,६७,१५,४२२।४१ को अस्थायी गा.वि.स. भवन निर्माण कार्य गरेकोमा  वीमा गरेको देखिएन । वीमा नहुँदा निर्माण कार्य सँग सम्बन्धित हुने क्षतिको जोखिम वहन नहुने देखिएकोले नियममा भएको व्यवस्था अनुसार तोकिएको सीमा भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीवाट वीमा गराउनुपर्दछ ।

११. **परिषदबाट छनौट नभएका योजना :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२  स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ अनुसार स्थानीय निकायको परिषदवाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाईने व्यवस्था रहेको छ। जिल्ला परिषदबाट छनौट नभएको विभिन्न १४० योजना संचालन गरी रु.६,२३,६९,८६५।३४ खर्च गरेको पाइयो । परिषदबाट छनौट भएको आयोजनाहरुमा मात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

१२. **आयोजना स्वीकृत :** स्थानीय स्वायत शासन नियमावली, २०५६ को नियम १९९ मा जिल्ला परिषदले स्वीकृत गरेका आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। यो बर्ष रु.२,३६,९३,७३८।९२ को पाइप र विद्युतीय पोल तथा तार आयोजना स्वीकृत नगरी खरीद गरीएको छ। स्वीकृत योजना विना खरीद गर्दा खरीद गरिएका सामानहरु उपयोगी कार्यमा प्रयोग नहुन सक्छ। निर्माण कार्यमा प्रयोग हुने सामान खरीद गर्दा योजना स्वीकृत गराएर योजनाको लागत अनुमान बमोजिमको परिमाणमा आवश्यक सामान खरीद हुनपर्दछ ।

१३. **बढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६४ (२) मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समिति मार्फत मेशिन द्धारा निर्माण कार्य गराई स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फ २ र कोष पुँजीगत तर्फ ३ सडक आयोजनाहरुको स्वीकृत दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी गरी जम्मा रु.५,३६,६८७०३ बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

१४. **फरक दरको प्रयोग :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६४(२) मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स अनुसार तयार गर्नु व्यवस्था छ। कोष पूँजिगत तर्फ उपभोक्ता समिति मार्फत गराएको अमले-खट्टार-सुकाचुरी सडक र तामाजोर- सोलाभञ्ज्याङ्ग-सातदोबाटो सडकको नरम, मध्यम र कडा चट्टान काट्ने कार्यहरु भएकोमा एउटै योजनामा मेशिन र ज्यामीको दर बाट निर्माण कार्य गराएको नियमानुसार देखिएन । मेशिनबाट कार्य गराउँदाको स्वीकृत नर्म्स अनुसार ८० प्रतिशत मेशिन र २० प्रतिशत ज्यामी द्धारा गर्ने गरी लागत अनुमान तयार गरी कार्य नगराएकोले रु.६,७०,२६३।२३ थप व्ययभार परेको छ ।

१५. **आयोजना हस्तान्तरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ज) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यो बर्ष विभिन्न कार्यक्रम अर्न्तगत २५९ आयोजना संचालन भएकोमा २२३ आयोजना सम्पन्न भएको छ । सम्पन्न भएको मध्ये २१४ आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । उपभोक्ता समिती मार्फत सम्पन्न गरिएका योजनाहरु उपभोक्ता समितीलाई रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि हस्तान्तरण हुन पर्दछ ।

१६. **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३३(६) मा स्थानीय निकायले आफ्ना कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सो को आधारमा नियमित रुपमा सुपरिवेक्षण अनुगमन एवं समिक्षा गर्नु पर्ने व्यवस्था छ। जि.वि.स. ले आफ्ना कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन कार्ययोजना/कार्यतालिका बनाई नियमित रुपमा सुपरिवेक्षण, अनुगमन एवं समिक्षा गरेको देखिएन। जिविसले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको कार्यतालिका बनाई नियमित रुपमा सुपरिवेक्षण एवं प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहित विवरण परिषदमा छलफल गराई मन्त्रालयमा प्रतिवेदन पठाउने व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ।

१७. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा रु.१ करोड भन्दा बढी आम्दानी हुने जिविसले २५% भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाइने व्यवस्था छ। जि.वि.स.ले यो बर्ष रु.२,०९,६७,७१७- आम्दानी गरेको रकमको २५% ले हुने रकम रु.५२,४१,९२९।२५ सम्म प्रशासनिक कार्यका लागि खर्च गर्न पाइनेमा रु.१,२३,४७,८७०।- खर्च गरेकोले रु.७१,०५,९४०।७५ बढी खर्च भएको देखियो। नियममा तोकिएको सीमा भित्र रही खर्च गर्नुपर्दछ।

१८. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको २०७२।७३ को लेखापरीक्षण गर्नुपर्नेमा २ नगरपालिका र ५० गाउँ विकास समिति मध्ये १ नगरपालिका र १ गाउँ विकास समितिको दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भइसकेको देखिन्छ। २ नगरपालिकाको लेखापरीक्षण गर्न २ लेखापरीक्षक नियुक्त गरी ३० दिनसम्म समय दिएको छ भने ५० गाउँ विकास समितिको लेखापरीक्षण गर्न २० लेखापरीक्षक नियुक्त गरी ३५ दिनसम्म समय दिएको छ। जिल्ला विकास समितिले नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने समय निर्धारण गर्ने मापदण्ड स्वीकृत नगरेकोले मापदण्ड स्वीकृत गर्नुपर्दछ। साथै २०७३ फाल्गुण १३ सम्म १ गा.वि.स. र १ नगरपालीकाको मात्र लेखापरीक्षण सम्पन्न भएकोले समय मै लेखापरीक्षण सम्पन्न गर्न विशेष पहल गर्नुपर्दछ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न १३ गा.वि.स./व्यक्ति/फर्म/निर्माण व्यवसायीलाई दिएको पेश्की रु.२१,८४,७००।- आ.व.को अन्त्य सम्ममा फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ।

**युनिसेफ तर्फ :**

२०. **आन्तरिक नियन्त्रण :** कार्यक्रम संचालन गर्दा स्वीकृत बार्षिक कार्ययोजना वा बार्षिक कार्यक्रम तर्जुमा गरी कार्यक्रम संचालन गर्नुपर्नेमा नगरेको, खर्चका विल भरपाईहरुमा तोकिए अनुसारको

छाप नलगाएको जस्ता अवस्था देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२१. **भत्ता वितरण :** लाभग्राहीलाई वितरण गरिने भत्ता रकम समयमा वितरण हुनुपर्ने व्यवस्था भएकोमा २०७१।७२ का लक्षित समुहलाई वितरण गर्नको लागि तोकिएको भत्ता रकम २०७२।७३ मा रु.५,८४,८३,०००।- वितरण गरेकोले समयमा वितरण भएको देखिएन । समयमा रकम प्राप्त नभएको तथा वितरण कार्य सम्बन्धि व्यवस्थापन कार्य समयमा गर्न नसकेको कारण लक्षित समुहलाई समयमा रकम वितरण नभएको देखिन्छ । लक्षित समुहलाई समयमा रकम वितरण नहुँदा कार्यक्रमको उद्देश्य प्राप्तीमा असर पर्न सक्ने देखिएकोले समयमा वितरण हुनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, खरिद योजना तयार नगरेको, चौमासीक खर्च समानुपातिक रुपमा नगरेको, सात उपशीर्षक अन्र्तगत रु.१,६५,५३,००८।- को खर्चको अख्तियारी आषाढ महिनामा मात्र प्राप्त गरेको जस्ता अबस्था देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ । सबैको लागि शिक्षा/प्राथमिक शिक्षाको आर्थिक विवरण आन्तरिक लेखापरीक्षक र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत भएको छैन भने लेखापरीक्षण प्रयोजनकोलागि माग गरीएको अनुसुची ११ देखी ३० सम्मको विवरण लेखापरीक्षण अवधिभर प्राप्त भएन ।

२. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्य सम्पन्न भएपछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यो बर्ष प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोष तर्फ सेमी पर्मानेन्ट भवन निर्माण, कक्षाकोठा मर्मत, फर्निचर खरिद लगायतका कार्यको लागि विभिन्न ८२ विद्यालयहरुलाई निकासा दिएको रकम रु.१,४७,५६,०००।- भुकम्पबाट क्षती पुगेका विद्यालयहरुको मर्मत कार्यको लागि विभिन्न ९७ विद्यालयहरुलाई निकासा दिएको रकम रु.२,०९,५०,०००।-, सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रमबाट विभिन्न ३ विद्यालयहरुलाई निकासा दिएको रकम रु.५७,००,०००।-, भवन निर्माण, कोठा थप गर्ने, मेशिनरी उपकरण खरीदको लागि विभिन्न २ विद्यालयहरुलाई निकासा दिएको रु.६,००,०००।- को र मेशिनरी औजार खरीदको लागि विभिन्न ७ विद्यालयहरुलाई निकासा दिएको रकम रु.२,९७,४००।- को कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ ।

३. **फरक शिर्षकबाट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट रकम सम्बन्धित खर्च शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय पुनः निर्माण कोष तर्फ भवन निर्माणमा विनियोजन भएको बजेट रकम रु.१,८५,०००।- कार्यालय सामानमा खरीदमा खर्च लेखेको देखियो । विनियोजित बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गर्दा उद्देश्य अनुसारको कार्य पूरा हुन नसक्ने देखिएकोले विनियोजित बजेट विनियोजित शीर्षकमा खर्च हुनुपर्दछ ।

४. **भरपाई वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फ मेशिनरी औजारमा रु.३,६९,६००।- खर्च लेखेकोमा लोवल कम्प्यूटर इन्फोसीको प्रिन्टर र ल्यापटप खरीद गरेको विल रु.७२,२००।- मात्र भएकोले रु.२,९७,४००।- को विल भरपाई वेगर खर्च लेखेको रकम असूल हुनुपर्दछ ।

५. **बढी भुक्तानी :** माथिल्लो तहको शुरु तलवमा तल्लो तहको ग्रेड रकम भुक्तानी दिन नमिल्नेमा मा.वि. तथा नि.वा.वि. तर्फ विभिन्न ३ श्रोत व्यक्ति प्रा.वि. शिक्षकलाई मा.वि. तृतीयको शुरु तलबमा ग्रेड समेत जोडी प्रति शिक्षक रु.२,२४०।- को दरले रु.६,७२०।- बढी भुक्तानी भएकोले असूल हुनुपर्दछ ।

६. **निर्णय बेगर खर्च :** शिक्षा नियमावली, २०५९ को नियम १७७ मा शिक्षा कोषमा प्राप्त रकम जिल्ला शिक्षा समितिको निर्णय बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । यो बर्ष शिक्षा कोषबाट खर्च भएको रकम रु.३,९९,२८३।५० निर्णय बेगर खर्च भएको छ । तोकिएको व्यवस्था बमोजिम निर्णय गराएर मात्र खर्च गर्नुपर्दछ ।

७. **बैठक भत्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्राविधिक धार तर्फको जिल्ला कार्यान्वयन समितिको बैठक भत्ता वितरण गर्न लिएका रकम मध्ये विभिन्न ४ व्याक्तिहरुलाई प्रति व्याक्ति रु.८५०।- को दरले जम्मा रु.३,४००।- बुझाएको छैन । साथै सोही भत्ता वितरणमा अग्रिम कर बापत रु.३,०००।- कट्टा गरीएकोमा दाखिला भएको प्रमाण पेश भएन । भत्ता रकम सम्बन्धित लाई बुझाएको र अग्रिम आयकर बापत कट्टा गरीएको रकम दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

८. **बढी निकासा :** विद्यालयहरुलाई चौमासिक निकासा दिँदा प्रा.वि. डुम्रे भञ्ज्याङ्ग, कुकुरठाकुर लाई रु.४,०००।-, चक्राणी नि.मा.वि. खारखोला को (खाता नं. २१६७) लाई रु.७४,९२०।- र प्रा.वि. ट्वाङ्गट्वाङेको (खाता नं. २१९३)लाई रु.७४,९२०।- बढी निकासा दिएकोले सम्बन्धित विद्यालयहरुबाट असूल गरी दाखिला गर्नुपर्दछ ।

९. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कोष तर्फ खर्च लेखिएको रु.३०,०५५।- को बिल भरपाई पेश नभएकोले खर्च एकिन भएन । खर्च पुष्ट्याई गर्ने प्रमाण पेश हुनुपर्दछ ।

## डिभिजन सडक कार्यालय, खुर्कोट

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, नापी किताव लुज सिटमा राखेको तथा नापी किताव नियन्त्रण खाता नराखेको, रोड इन्भेन्टरी खाता नराखेको, संक्षिप्त बार्षिक प्रतिवेदन तयार नगरेको, कन्टीन्जेन्सी खर्चको अभिलेख नराखेको, ठेक्का सम्झौता गर्दा एज विल्ट ड्रईङ्ग सम्बन्धमा उल्लेख हुने नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा विभिन्न १० उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.१२,९५,११,९६२।४८

मध्ये प्रथम चौमासिकमा ४ प्रतिशत, दोश्रो चौमासिकमा ९ प्रतिशत र तेश्रो चौमासिकमा ८७ खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र ४८ प्रतिशत खर्च भएको छ। अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

३. **खर्चको अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा खर्चको अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धीत कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा ब.उ.शि.नं. ३३७३२०४ मा रु.७० लाख र ब.उ.शि.नं. ३३७१५७४ मा रु.१ करोड ३१ लाख बजेट आषाढ महिनामा घटाईएको छ भने ब.उ.शि.नं. ३३७१२३४ मा रु.१ करोड १० लाख बजेट थप गरीएको छ। समयमा अख्तियारी प्राप्त नहुँदा कार्यक्रम संचालन समयमा नहुने र खर्चको प्रभावकारीतामा असर पर्ने देखिएकोले अख्तियारी प्राप्त गर्नुपर्दछ।

४. **बार्षिक लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसारको कार्य सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार विभिन्न ७ योजनाको प्रगति शुन्य, विभिन्न ३ योजनाको प्रगति २५ प्रतिशत र २ योजनाको प्रगति ५० प्रतिशत मात्र रहेको छ। लक्ष्य अनुसार प्रगति हाँसिल गर्नपर्दछ।

५. **सम्भाव्यता अध्ययन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकिय उपयूक्तताको आधारमा आयोजना स्वीकृत हुनुपर्ने र स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्भेक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सम्भाव्यता अध्ययन एवं विस्तृत सर्भेक्षण नभएको विभिन्न ७ कार्यक्रम अर्न्तगतका ४९ आयोजनाहरुको सञ्चालन गरी यो बर्ष रु.९ करोड ६८ लाख ३० हजार खर्च गरेको देखियो। यसबाट आयोजनाहरुको दिगो व्यवस्थापनको साथै आर्थिक तथा सामाजिक उद्देश्य प्राप्तिमा समेत प्रतिकुल असर पर्नसक्ने देखिएकोले सम्भाव्यता अध्ययन तथा विस्तृत सर्भेक्षण गरेर मात्र आयोजनाहरु सञ्चालन गर्नुपर्दछ।

६. **कन्टिन्जेन्सी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कन्टिन्जेन्सी वापत कार्यालयले कट्टी गरी राखेको रकम सडक विभागमा पठाई रु.७,६२,०००।०० खर्च लेखेकोमा सो खर्च साथ विल भरपाई पेश हुन आएन। सडक विभागबाट माग भई आएको कारणले पठाएको रकमको लेखापरीक्षण भएको प्रमाण वा खर्चको विल भरपाई पेश हुनुपर्दछ।

७. **पुर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरीद सम्झौता बमोजिमको कार्य सम्झौताको अवधि भित्र पुरा नगरेमा म्याद थप गर्न सकिने र नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले समयमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था छ। चौरी खोला पुल, लिखु खोला पुल र खहरेखोला खिम्ती पूलको सम्झौतामा तोकिएको अवधि तथा थप भएको अवधीमा समेत कार्य सम्पन्न भएको छैन। लेखापरीक्षण अवधि २०७३ माघ २० गते सम्मको अवधि गणना गर्दा सबै ठेक्काको म्याद सकिएको २०० दिन भन्दा बढी भईसकेको र अघिल्लो पटक म्याद थप गर्दा थप भएको अवधिमा कार्य सम्पन्न नगरेमा नियमानुसार पुर्वनिर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख भएकोले सम्झौता रकमको १० प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपूर्ति लाग्ने देखिन्छ। सम्झौता रकमको १० प्रतिशतको दरले

हुने चौरी खोला पुलको रु.१८,९९,५४५।- लिखु खोला पुलको रु.५६,६०,७४१।- र खहरेखोला खिम्ती पूलको रु.२६,२९,५३९।३४ समेत रु.१,०३,८९,८२५।३४ पुर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नु नपर्ने कारण भए पेश गर्ने अन्यथा सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी कार्य सम्पन्न गर्नुपर्दछ।

८. **निर्माण कार्य शुरु :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरीद सम्झौता बमोजिमको कार्य सम्झौताको अवधि भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ठेक्का नम्बर ३१/२०७०।७१ कटहरी सिमराही फुलवारी चुनढुङ्गा सडकका निर्माण व्यवसायीसँग २०७०।१०।८ मा रु.६४,९२,७३५।०४ मा सम्झौता भई मिति २०७१।२।१५ मा सम्पन्न गर्नुपर्नेमा हालसम्म निर्माण कार्य शुरु भएको देखिएन । निर्माण कार्य शुरु नभएको ठेक्काको निर्माण कार्य सम्पन्न गर्नेतर्फ आवश्यक कारावहीको प्रकृया अगाडी बढाएको समेत नदेखिएकोले नियमानुसारको प्रकृया अगाडी बढाई उद्देश्य अनुसारको कार्य समयमा सम्पन्न हुनुपर्दछ ।

९. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । ठेक्का नं. २९।०६८।६९ चौरी खोला पूल निर्माणका निर्माण व्यवसायी सर्वद्धार फ्रेण्डस एम एम जे.भी. को यो बर्ष चौथो रनिङ विल रु.५३,३६,७२७।८४ खर्च लेख्दा प्रोभिजनल सम रहेको इन्जिनियरीङ सुविधा रकम रु.१,५०,०००।- मा मुल्य अभिबृद्धि कर रु १९,५००।- समेत रु.१,६९,५००।- खर्च लेखेकोमा विल भरपाई पेश हुन नआएकोले पेश हुनुपर्दछ ।

१०. **एज विल्ट नक्सा** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५(१) मा खरीद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विर्ल्ट नक्सा) सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। कटारी-सिमराही-फुलवारी-चूनढुँगा उत्खनन् केन्द्र सडकको लागि निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सि.सि. ५६.२ मा एज विल्ट नक्सा पेश नगरेसम्म रु.१,००,०००।- रोक्का राख्ने व्यवस्था भएकोमा एज विर्ल्ट नक्सा पेश नभई पुरै भुक्तानी दिएको छ । निर्माण व्यवसायीबाट एजविल्ट नक्शा पेश नभएमा सम्झौताको शर्त बमोजिम रु.१ लाख असुल हुनुपर्दछ ।

११. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ । विभिन्न ३ निर्माण व्यवसायीलाई दिएको रु.९९,००,०००।- मोविलाईजेशन पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

१२. **स्थलगत अवलोकन :** लेखापरीक्षणको क्रममा प्राविधिक कर्मचारी सहितको टोलीले केही आयोजनाहरुको स्थलगत अवलोकन गर्दा निम्न व्यहोरा देखिएको छ ।

१२.१ मन्थली-नाटिला-गेलु-देउराली-दोरम्वा सडक (ठेक्का नं. ७९/२०७१।७२ को कार्य २०७३।६।१४ मा सम्पन्न गर्ने गरी २०७२।३।२२ मा शुरु गरीएको निर्वाचन क्षेत्र सडक अर्न्तगतको मन्थली-नाटिला-गुल-देउराली-दोरम्वा सडक आयोजनाकोको २०७३।१२।१३ सम्म म्याद थप गरीएको छ। सम्झौता रकम रु.२ करोड २५ लाख ८९ हजार भएकोमा उक्त आयोजनामा यो बर्ष रु.२९ लाख ९४ हजार खर्च भएको छ । आयोजनाको २०७३।१०।१९ मा स्थलगत निरिक्षण गर्दा ग्याविन वाल लगाउँदा ढुङ्गाको साईज नमिलाई खोलाको ढुङ्गा सिधै प्रयोग गरेको देखियो । थप गरिएको म्यादभित्र पनि निर्माण कार्य सम्पन्न हुन नसक्ने देखिएकोले समयमा गुणस्तर कायम गरी कार्य सम्पन्न गर्न विशेष पहल गर्नुपर्ने देखियो ।

१२.२ सुनकोशी पूल (ठेक्का नं. ५५/२०६५।६६),२०६८।३।२९को कार्य सम्पन्न गर्ने गरी २०६५।६६ मा शुरु गरीएको स्थानीय सडक तथा पूल अर्न्तगतको सुनकोशी पूल आयोजनाको २०७४।३।३० सम्म

म्याद थप गरीएको छ । सम्झौता रकम रु.७ करोड ६८ लाख ९९ हजार भएको उक्त आयोजनामा यो बर्ष रु.५७ लाख २५ हजार र हाल सम्म रु.२ करोड ३४ हजार खर्च भएको छ । आयोजनाको २०७३।१०।१९ मा स्थलगत निरीक्षण गर्दा दुई एवुटमेन्ट, एक पायर निर्माणाधिन रहेको, पारीपट्टीको पायरको फाउन्डेसन लेभल बनाउँदै गरेको पाईयो । थप गरिएको म्याद भित्र कार्य कार्यतालीका अनुसारको काम स सम्पन्न गर्नु पर्दछ ।

## नयाँ शहर आयोजना, खुर्कोट

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, ठेक्का बन्दोबस्त प्रथम चौमासिकमा हुने नगरेको, भ्रमण अभिलेख नराखेको, खरिद योजना तयार नगरेको, कन्टीन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाहरुलाई पुर्ण रुपमा लागु नगरेको, खर्चको अख्तियारी समयमा प्राप्त नभएको, ठेक्का सम्बन्धि अभिलेख राख्न म.ले.प.फारम नं. १९० स्वीकृत भए पनि कार्यालयले ठेक्का सम्बन्धि अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार भएको पूँजिगत खर्च रु.२,०९,८४,५८४।२७ मध्ये सम्पुर्ण खर्च तेश्रो चौमासिकमा भएको र आषाढ महिनामा मात्र ८८ प्रतिशत खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको गुणस्तरमा समेत असर पर्न सक्ने देखिएकोले योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३. **लागत अनुमान :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सँग प्रत्यक्ष सम्बन्ध भएका कार्यहरु मात्र लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । एकीकृत सरकारी भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सँग असम्बन्धित ल्यापटप रु.९५,०६३।०० र मोटर साईकल रु.२,३०,०८८।४९ समेत रु.३,२५,१५२।२० समावेश गरी कुल लागत अनुमान रु.२,८१,०९,७४९।१५ तयार गरी निर्माण व्यवसायी सँग रु.२,०१,८६,५५८।९१ मा २०७३।३।२६ मा सम्झौता गरेको देखियो । निर्माण कार्य सँग असम्बन्धित कार्यको खर्च समावेश गर्दा निर्माण कार्यको लागत बढ्ने देखिन्छ। निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सँग असम्बधित आईटमहरु समावेश गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४. **उपभोक्ता समिति :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ । एक उपभोक्ता समितिले रु.२३,४६,५३१।०० को नयाँ ट्र्याक खोल्ने कार्यमा मेशिन प्रयोग गरेको पाईयो । श्रममुलक कार्य बाहेक उपभोक्ता समितिले आफैले गर्न नसक्ने कार्यहरु पनि उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । भवन निर्माण

ठेक्काको निर्माण व्यवसायी लाई २०७३।३।३० मा दिएको मोविलाईजेशन पेश्की रु.७० लाख आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, खरिद योजना तयार नगरेको, नापी किताव लुज सिटमा राख्ने गरेको, नापी किताव नियन्त्रण खाता नराखेको, गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था पूर्ण रुपमा लागु नगरेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्चको अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा खर्चको अख्तियारी सम्वन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धीत कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयमा विभिन्न ५ कार्यक्रम अर्न्तगत रु.१ करोड १६ लाख एक हजारको खर्चको अख्तियारी समयमा प्राप्त भएको देखिएन । समयमा अख्तियारी प्राप्त नहुँदा कार्यक्रम संचालन समयमा नहुने र खर्च प्रभावकारीतामा असर पर्ने देखिन्छ। कार्यक्रम संचालन समयमा भई खर्चको प्रभावकारीता कायम गर्न समयमा खर्चको अख्तियारी प्राप्त गर्नुपर्दछ ।

३. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार विभिन्न ६ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.३,६७,२४,४६७१५ मध्ये प्रथम चौमासिकमा ७ प्रतिशत, दोश्रो चौमासिकमा १३ प्रतिशत र तेश्रो चौमासिकमा ८० प्रतिशत खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र ४९ प्रतिशत खर्च भएको छ। अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय बाट प्राप्त प्रगति विवरण अध्ययन गर्दा एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम तर्फको रु.२ करोड ६९ लाख ५० हजारका विभिन्न १० आयोजनाहरु मध्ये ५ आयोजनाहरु र विशेष भौतिक तथा क्षेत्र विकास कार्यक्रम तर्फ रु.३७ लाख ६२ हजारका विभिन्न १५ आयोजनाहरु मध्ये १ आयोजनाको प्रगति शुन्य रहेको छ । यसरी लक्ष्य अनुसार प्रगति नहुनुमा समयमा अख्तियारी नआउनु, समयमा ठेक्का व्यवस्थापन नहुनु आदि कारण रहेको पाइयो । स्विकृत कार्यक्रम अनुसारको प्रगति हासिल हुनुपर्दछ ।

५. **ठेक्का बन्दोवस्त** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यालयले कार्यक्रम सुचारु रुपले निर्धारित समयभित्र सम्पन्न गर्न ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले रु.६ करोड ८३ लाख १८ हजारको विभिन्न ४ ठेक्काको सम्झौता तेस्रो चौमासिक गरेको छ । यसबाट समयमा आयोजना सम्पन्न नहुने र सो आयोजनाबाट प्राप्त हुने लाभ/प्रतिफल प्राप्तीमा ढिलाई हुने देखिन्छ। आयोजनाहरुको

अपेक्षित प्रतिफल समयमा प्राप्त हुने गरी तोकिएको समयमा ठेक्का बन्दोवस्त गर्ने तथा आयोजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

**६. ठेक्का लगत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १११ मा लेखाको ढाँचा स्वीकृत गराई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम ठेक्का सम्बन्धि अभिलेख राख्न म.ले.प.फारम नं. १९० स्वीकृत भए पनि कार्यालयले ठेक्का सम्बन्धि अभिलेख राखेको पाईएन । यसबाट कार्यालयबाट संचालित गत विगत देखी जिम्मेवारी सरेको र चालु बर्ष स्वीकृत भएको ठेक्का सम्बन्धि जानकारी (सुरु गर्ने मिति, सम्पन्न हुने मिति, लागत अनुमान, सम्झौता रकम, खर्च रकम, सम्पन्न भएको ठेक्का, चालु अवस्थामा रहेको ठेक्का) प्राप्त हुन नसक्ने देखिन्छ । तोकिएको म.ले.प. फारम अनुसार ठेक्का लगत राख्नुपर्छ ।

**७. पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । विभिन्न ३ निर्माण व्यवसायीलाई दिएको रु.६७ लाख ५० हजार मोविलाईजेशन पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## सिंचाई बिकास डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा दरवन्दी अनुसार पदपूर्ति नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाहरुलाई पुर्ण रुपमा लागु नगरेको, बिल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, विभिन्न ४ कार्यक्रम तर्फ रु.१ करोड ६६ लाख ९० हजारको अख्तियारी आषाढ महिनामा मात्र प्राप्त भएको, ठेक्का बन्दोबस्त प्रथम चौमासिकमा हुने नगरेको, ठेक्का सम्बन्धि अभिलेख राख्न म.ले.प.फारम नं. १९० स्वीकृत भए पनि कार्यालयले ठेक्का सम्बन्धि अभिलेख नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तेश्रो चौमासिक र आषाढको खर्च :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार विभिन्न ६ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु.५,०१,७५,६४१।९८ मध्ये प्रथम चौमासिकमा १ प्रतिशत, दोश्रो चौमासिकमा ६ प्रतिशत र तेश्रो चौमासिकमा ९३ प्रतिशत खर्च भएको देखिन्छ । आषाढ महिनामा मात्र ४६ प्रतिशत खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३. **लक्ष्य तथा प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय बाट प्राप्त विवरण अध्ययन गर्दा मझौला सिंचाई आयोजना तर्फ १, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना तर्फ १, राष्ट्रिय पुनः निर्माण कार्यक्रम तर्फ १ र मर्मत सम्भार आयोजना तर्फ ४ योजनाहरुको प्रगति शुन्य रहेको छ भने सामुदायमा आधारित सिंचाई कृषि क्षेत्र आयोजना तर्फ एक आयोजनाको प्रगति

२५ प्रतिशत मात्र रहेको छ । यसवाट कार्यक्रमको उद्देश्य पुरा भई सेवाग्राही लाभान्वित नहुने भएकोले उल्लेखित कुराहरुमा सुधार गरी लक्ष्य बमोजिमको प्रगति हाँसिल हुनुपर्दछ ।

४. **वीमा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा दश लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य सँग सम्बन्धित सामान, सेवा र दायित्वको विमा गराउनुपर्ने व्यवस्था छ । कमला सुके सिंचाई योजना र हाडीखोला सिंचाई योजनाको निर्माण व्यवसायीले ठेक्का सम्झौता गर्दाको समयमानै विमा गराउनुपर्नेमा सो नगरी भई कार्य शुरु गरेको धेरै समयपछि मात्र विमा गरेको देखियो । धेरै समय व्यतित भई सकेपछि विमा गर्दा उक्त अवधिमा भएको जोखिम नव्यहोरिने अवस्था रहन्छ । निर्माण कार्य शुरु हुनु अगाडी देखि वीमा गर्नुपर्दछ ।

५. **अग्रिम कर** : आयकर ऐन, २०५८ को संशोधन सहितको दफा ८८(१) मा मुल्य अभिबृदी करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्ति वा मुल्य अभिबृदी कर छुटको कारोवार गर्ने वासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्क रकमको १.५ प्रतिशतले करकट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराईएको विभिन्न ३ सिंचाई योजनाको भुक्तानी गर्दा मुल्य अभिबृद्धी करमा दर्ता भएको फर्महरु सँग रु.१४,१३,८८४।६५ (भ्याट बाहेक) को कारोवार गरेकोमा १.५ प्रतिशत ले हुने रु.२१,२०७।६६ कर कट्टी गरेको नदेखिएकोले असुल गरी दाखीला गर्नुपर्दछ ।

६. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । सार्कीकुलो सिंचाई योजनाको निर्माण व्यवसायीलाई २०७३।३।३० मा दिएको मोविलाईजेशन पेश्की रु.६,०९,०००।- आर्थिक वर्षको अन्त्य सम्म फछ्यौंट नभई वाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला स्थित ४४ कार्यालय मध्ये ४२ कार्यालयको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र २ कार्यालयको जिल्ला विकास समितिबाट आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार २० कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३२ मध्ये निम्न १४ कार्यालयको रु.९३,४२,३४०।०० बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौंट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्यौंट गर्नु पर्दछ ।

| सि न | कार्यालय | व्यहोरा | रकम (रु) |
|---|---|---|---|
| १. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको | सैद्धान्तिक |
| २. | जिल्ला भू-संरक्षण कार्यालय | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको, विरुवा वितरण गरेको भरपाई संलग्न नदेखाएका, विरुवा रोपे नरोपेको सम्बन्धमा अनुगमन नगरेको, तोकिएको स्थानमा कार्यक्रम संचालन नगरी केही कार्यक्रम अन्य ठाउँमा संचालन गरेको, | सैद्धान्तिक |
| ३. | सिन्धुली अस्पताल | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको | सैद्धान्तिक |
| | | कार्यक्रम संचालन निर्देशिका २०७२।७३ ले व्यवस्था गरे अनुसार रकम बाँडफाँड नगरी खर्च भएको | सैद्धान्तिक |
| ४. | घरेलु तथा साना उद्योग विकास समिति | चौमासिक खर्च समानुपातिक रुपमा नगरेको, घर सापटी वापत मासिक रुपमा कट्टा गरिने साँवा र व्याज रकम धरौटी खातामा जम्मा गरी आर्थिक बर्षको अन्त्यमा फिर्ता जनाई केन्द्रिय कार्यालयमा पठाउने गरेको | सैद्धान्तिक |
| | | भवन निर्माण मोविलाईजेशन पेश्की फछ्यौंट हुनुपर्ने रु. | ३२,९३,०००.०० |

| सि न | कार्यालय | व्यहोरा | रकम (रु) |
|---|---|---|---|
| ५. | जिल्ला हुलाक कार्यालय | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको | सैद्धान्तिक |
| ६. | ईलाका प्रहरी कार्यालय | जिन्सी सामानहरु छुट्टाछुट्टै खातापानामा आम्दानी बाँध्नु पर्नेमा एउटै पानामा धेरै सामानहरुको आम्दानी बाँधेको | सैद्धान्तिक |
| ७. | जिल्ला आयोजना कार्यान्वयन ईकाई | तालिम संचालन वापत लिएको पेश्की फछ्र्यौट हुनुपर्ने रु. | २,७४,३४०.०० |
| ८. | जिल्ला प्राविधिक कार्यालय | जिन्सी निरिक्षण नभएको | सैद्धान्तिक |
| | | कन्टिन्जेन्सी बापत क्रमस रु.११,१६,३००।०० र रु.३,५९,८३७०० जिल्ला परीषदबाट स्वीकृत नगराई खर्च गरेको | सैद्धान्तिक |
| | | कन्टीन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, चौमासिक खर्च समानुपातिक रुपमा नगरेको ,नापी किताव लुज सिटमा राखेको,साठी लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको, | सैद्धान्तिक |
| | | विभिन्न २ निर्माण व्यवसायीलाई दिएको भवन निर्माण मोविलाईजेशन पेश्की | ३८,००,०००।०० |
| ९. | जिल्ला प्रशासन कार्यालय | भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| १०. | कन्दमुल तरकारी विकास केन्द | भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| ११. | कारागार कार्यालय | भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| | | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको | सैद्धान्तिक |
| १२. | महिला तथा बालबालिका कार्यालय | तालिम गोष्ठी आदि संचालनको कार्यक्रमको लागत अनुमान तयार नगरेको | सैद्धान्तिक |
| | | भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| १३. | नापी कार्यालय | जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयनर भ्रमण प्रतिवेदन संलग्न नगरी खर्च लेखेको | सैद्धान्तिक |
| | | एक निर्माण व्यवसायीलाई दिएको भवन निर्माण मोविलाईजेशन पेश्की | १९,७५,०००।०० |
| १४. | जिल्ला पशु सेवा कार्यालय | जिन्सी निरिक्षण नभएको ,चौमासिक खर्च समानुपातिक रुपमा नगरेको | सैद्धान्तिक |
| | **जम्मा बेरुजू** | | **९३,४२,३४०।००** |

**(उद्धवचन्द्र श्रेष्ठ)**
**नायब महालेखारीक्षक**

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोजन / निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला कृषि विकास कार्यालय | ६३५ | १ | ७ | १४ | ६५७ |
| २. | सहरी विकास तथा भवन निर्माण डिभिजन | ३९२ | ४ | ११ | ० | ४०७ |
| ३. | चण्डीदल गण, सिन्धुली | २२३४ | ० | २२ | ० | २२५६ |
| ४. | जिल्ला विकास समितिको कार्यालय | ० | १७ | ० | २११७१ | २११८८ |
| ५. | जिल्ला शिक्षा कार्यालय | ९१९६ | १३७ | १ | २८६ | ९६२० |
| ६. | जिल्ला जनस्वास्थ्य कार्यालय | १२५४ | २ | ५ | ६२ | १३२३ |
| ७. | डिभिजन सडक कार्यालय, खुर्कोट | १३५२ | १६ | १४७ | ३१० | १८२५ |
| ८. | सिंचाई बिकास डिभिजन | ५६६ | १५ | ५३ | २० | ६५४ |
| ९. | जिल्ला बन कार्यालय | ५८६ | १०८ | १४८ | १०९ | ९५१ |
| १०. | खानेपानी तथा सरसफाई डिभिजन | ८५२ | ० | २५ | ० | ८७७ |
| ११. | नयाँ शहर आयोजना, खुर्कोट | २२४ | १ | ३ | ० | २२८ |
| १२. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ४५ | ४५ |
| | **जम्मा** | १७२९१ | ३०१ | ४२२ | २२०१७ | ४००३१ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत | १८७ | १७ | १०२ | ०.०० | ३०६ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३१ | ० | ० | ० | ३१ |
| ३. | तथ्याङ्क कार्यालय, सिन्धुली | ४२ | ०.०० | ०.०० | ०.०० | ४२ |
| ४. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६६ | ७५६ | ३ | १ | ८२६ |
| ५. | कारागार कार्यालय | ७१ | ० | १ | ०.०० | ७२ |
| ६. | जिल्ला प्राविधिक कार्यालय | २३९१ | १ | ९५ | ०.०० | २४८७ |
| ७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ८३ | ० | १ | ०.०० | ८४ |
| ८. | नं. १ बन तथा पर्यावरण सुरक्षा गण | १४७३ | ० | १६ | ०.०० | १४८९ |
| ९. | श्री नं. ९ वाहीनी अड्डा | १०३९ | १ | १९ | ०.०० | १०५९ |
| १०. | श्री नं. ९ बाहिनी फिलड एम्बुलेन्स गुल्म | १८८ | ०.०० | १ | ०.०० | १८९ |
| ११. | जिल्ला निर्वाचन कार्यालय | ३८ | ०.०० | ०.०० | ०.०० | ३८ |
| १२. | महिला तथा बालबालिका कार्यालय | २१७ | ० | ०.०० | ६० | २७७ |
| १३. | सिन्धुली अस्पताल, सिन्धुली | २३४ | १ | ४ | १३४ | ३७३ |
| १४. | कन्दमुल तरकारी विकास केन्द्र | १४७ | ७ | ८ | ०.०० | १६२ |
| १५. | पशुसेवा कार्यालय | ३६५ | ४ | ४ | ८ | ३८१ |
| १६. | घरेलू तथा साना उद्योग विकास समिति | १३३ | ३८ | १५ | ०.०० | १८६ |
| १७. | जिल्ला प्रशासन कार्यालय | २४४ | २२५ | ४२ | ३२९६ | ३८०७ |
| १८. | जिल्ला हुलाक कार्यालय | ३०८ | १२ | ०.०० | २१३ | ५३३ |
| १९. | जिल्ला भू-संरक्षण कार्यालय | २६० | ०.०० | ०.०० | ०.०० | २६० |
| २०. | मालपोत कार्यालय | ११४ | ३३८ | १९ | ४६० | ९३१ |
| २१. | नापी कार्यालय | ११९ | १५ | ० | ४ | १३८ |
| २२. | जिल्ला प्रहरी कार्यालय | १०३७ | ९४ | ३३ | ३५८ | १५२२ |
| २३. | ईलाका प्रहरी कार्यालय, खुर्कोट | १६४ | ०.०० | ०.०० | ०.०० | १६४ |
| २४. | ईलाका प्रहरी कार्यालय, डकाहा | २४६ | ०.०० | ०.०० | ०.०० | २४६ |
| २५. | ईलाका प्रहरी कार्यालय, बस्तीपुर | १३३ | ०.०० | ०.०० | ०.०० | १३३ |
| २६. | ईलाका प्रहरी कार्यालय, कपिलाकोट | १८३ | ०.०० | ०.०० | ०.०० | १८३ |
| २७. | ईलाका प्रहरी कार्यालय, भिमान | ९४ | ०.०० | ०.०० | ०.०० | ९४ |
| २८. | मध्य क्षत्रीय प्रहरी तालिम केन्द्र दुधौली | ६५० | २ | ०.०० | ०.०० | ६५२ |

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| २९. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५६ | ०.०० | २ | ०.०० | ५८ |
| ३०. | आवास बस्ती विकास, भवन तथा शहरी पुर्वाधार सम्बन्धी जिल्ला आयोजना | १८३ | १ | ५ | ०.०० | १८९ |
| ३१. | जिल्ला आयोजना कार्यान्वयन इकाईकार्यालय | ७ | ०.०० | ०.०० | ०.०० | ७ |
| ३२. | सिन्धुली सामुदायिक टेक्नीकल इन्स्टिच्यूट | ०.०० | ०.०० | ०.०० | ४१ | ४१ |
| | **जम्मा** | **१०५०३** | **१५१२** | **३७०** | **४५७५** | **१६९६०** |
| | **कुल जम्मा** | **२७७९४** | **१८१३** | **७९२** | **२६५९२** | **५६९९१** |

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | समायोजनबाट मिलान | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | खानेपानी तथा सरसफाई डिभिजन | ११ | ७२५३ | १ | - | १० | - | ७२५३ | - | ७२५३ | - | - | - |
| २. | जिल्ला कृषि विकास कार्यालय | ५ | १८०२ | - | - | ५ | २ | १८०० | - | १८०२ | - | - | |
| ३. | जिल्ला जनस्वास्थ्य कार्यालय | १४ | २६०४ | ३ | - | ११ | ११० | २४९४ | - | २६०४ | १० | - | १० |
| ४. | जिल्ला बन कार्यालय | १७ | ११०७५ | ३ | - | १४ | १३८ | ९१६२ | १७७५ | ११०७५ | - | - | - |
| ५. | जिल्ला विकास समितिको कार्यालय | ४३ | १६०८२ | २२ | - | २१ | ५९३ | १३३०४ | २१८५ | १६०८२ | - | - | |
| ६. | जिल्ला शिक्षा कार्यालय | १५ | ४३०८५ | ६ | - | ९ | १६१ | ४२९२४ | - | ४३०८५ | १४१३ | - | १४१३ |
| ७. | डिभिजन सडक कार्यालय, खुर्कोट | १२ | २१३२१ | - | - | १२ | - | ११४२१ | ९९०० | २१३२१ | ८७६ | - | ८७६ |
| ८. | नयाँ शहर आयोजना, खुर्कोट | ६ | ७००० | १ | - | ५ | - | - | ७००० | ७००० | - | - | - |
| ९. | सहरी विकास तथा भवन निर्माण डिभिजन | ७ | ६७५० | - | - | ७ | - | - | ६७५० | ६७५० | - | - | |
| १०. | सिंचाई बिकास डिभिजन | १० | ६३० | ४ | - | ६ | २१ | - | ६०९ | ६३० | - | - | - |
| ११. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १ | सैद्धान्तिक | - | - | १ | - | - | - | - | - | - | - |
| १२. | जिल्ला भू-संरक्षण कार्यालय | ४ | सैद्धान्तिक | - | - | ४ | - | - | - | - | - | - | - |
| १३. | सिन्धुली अस्पताल, सिन्धुली | २ | सैद्धान्तिक | - | - | २ | - | - | - | - | - | - | - |
| १४. | घरेलू तथा साना उद्योग विकास समिति | ३ | ३२९३ | - | - | ३ | - | - | ३२९३ | ३२९३ | - | - | - |
| १५. | जिल्ला हुलाक कार्यालय | १ | सैद्धान्तिक | - | - | १ | - | - | - | - | - | - | - |
| १६. | ईलाका प्रहरी कार्यालय, खुर्कोट | १ | सैद्धान्तिक | - | - | १ | - | - | - | - | - | - | - |
| १७. | जिल्ला आयोजना कार्यान्वयन इकाई भु.आ.सा.अ. कार्यालय | १ | २७४ | - | - | १ | - | - | २७४ | २७४ | - | - | - |
| १८. | जिल्ला प्राविधिक कार्यालय | ८ | ३८०० | - | - | ८ | - | - | ३८०० | ३८०० | - | - | - |
| १९. | जिल्ला प्रशासन कार्यालय | १ | सैद्धान्तिक | - | - | १ | - | - | - | - | - | - | - |
| २०. | कन्दमुल तरकारी विकास केन्द्र | १ | सैद्धान्तिक | - | - | १ | - | - | - | - | - | - | - |
| २१. | कारागार कार्यालय | २ | सैद्धान्तिक | - | - | २ | - | - | - | - | - | - | - |
| २२. | महिला तथा बालबालिका कार्यालय | २ | सैद्धान्तिक | - | - | २ | - | - | - | - | - | - | - |
| २३. | नापी कार्यालय | ३ | १९७५ | - | - | ३ | - | - | १९७५ | १९७५ | - | - | - |
| २४. | पशुसेवा कार्यालय | ३ | सैद्धान्तिक | - | - | ३ | - | - | - | - | - | - | - |
| | जम्मा | १७३ | १२६९४४ | ४० | - | १३३ | १०२५ | ८८३५८ | ३७५६१ | १२६९४४ | २२९९ | - | २२९९ |

**द्रष्टव्य :** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

अनुसूची - ३

# जिल्ला विकास समितिको एकिकृत आयव्यय विवरण

| आय विवरण | यस वर्षको रकम | व्यय विवरण | यस वर्ष रकम रु. |
|---|---|---|---|
| १.गत वर्षको जिम्मेवारी | १२४९५८०६६.०९ | १) जि.वि.स.कोष तर्फको खर्च | |
| २. नेपाल सरकारवाट प्राप्त अनुदान | | क) चालु खर्च | १९९२१९०८५.०० |
| • जि.वि.स.अनुदान (चालु) | ३३७४०८६७.५० | ख) पुँजिगत खर्च | ५२७९९७७५.०० |
| • जि.वि.स.अनुदान (पुँजिगत) | २४३७१५००.०० | २) धरौटी फिर्ता खर्च | १०११९६४.६० |
| • गा..वि.स.अनुदान (चालु,) | २१९२७०००.०० | ३) कर्मचारी कल्याण कोष(५६४६) | ६९१४.४५ |
| • गा..वि.स.अनुदान (पुँजिगत) | ९९१७६०००.०० | ४) केन्द्रिय कार्यक्रम तर्फको  कुल खर्च रकम | |
| • ग्रामिण मर्मत संभार कोष | १४७४२४२.०० | क) चालु खर्च | ४४३५०९९०८.५० |
| ३.आन्तरिक श्रोत | | ख) पुँजिगत खर्च | ३९८५५०७१३.११ |
| • कर,दस्तुर,सेवा शुल्क र भाडा बाट | २०३५६८९८.०० | ५) बैक  मौज्दात विवरण | **५१८५७२७६.९९** |
| • राजश्व बाडफँड बाट | ६६०८३७३.६१ | १) धरौटी खातामा | ५५९३११२.२५ |
| • राजश्व बाडफँड बाट (विद्युत) | २१६३२८७.०० | २) आन्तरिक आय | ३०००००.०० |
| • गा.वि.स. मालपोत आम्दानी | १४४३४३.०० | ३) आय खाता | ३६००००.०० |
| • अन्य आम्दानी | ४६६४७६.०० | ३) राजस्व वाडफाड | ८३४८८४०.०० |
| ४.अन्य श्रोत | | ४) कर्मचारी कल्याण कोष | ४२४७३६८.०६ |
| कर्मचारीकल्याण कोष | १५४६०९६.३४ | ५)कमचारी कल्याण कोष खाता | २०००००.०० |
| धरौटी | ३२७६४८८.०० | ६) मर्मत शंभार कोष खाता | ११६११६३.०० |
| सडक वोर्ड | ३६००००.०० | ७) प्रकोप व्यवस्थापन कोष खाता | १०२७६९.०० |
| यु.एन.एफ.पी.ए. कार्यक्रम | ९३१६९९८.०० | ८)  मानव संसाधन विकास कोष खाता | १०००००.०० |
| उपेक्षित उत्पीडी दलित वर्ग उत्थान | ३०००००.०० | ९) लघु उद्यम विकास कार्यक्रम | २८५४७७.४५ |
| युनिसेफ (सा.सु.) | १३७२०७५३६.०० | १०)  वातावरण विकास कोष खाता | २०००००.०० |
| गरिवि निवारण कोष | २०००००.०० | ११) गरिवी नि.तथा सा.प. कोष खाता | १४०१८४६.०० |
| नेपाल पर्यटन वोर्ड | २००००००.०० | १२) महिला तथा वाल वालिका कोष खाता | २०००००.०० |
| वातारण मैत्री स्थानीय शासन कार्यक्रम | ५४१७७६५.०० | १३) स्थानीय विकास कोष खाता | ५०४९८७.०१ |
| ५.केन्द्रिय बजेट शिर्षक अन्तगत निकासा रकम | ६५१९४३७०१.१ | १४)  बैदेशीक आय खाता | ०.०० |
| **जम्मा** | **११४६९५५६३७.६५** | **जम्मा** | **११४६९५५६३७.६५** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला कृषि विकास कार्यालय | श्री होमराज विष्ट | श्री हर्क वहादुर चौहान |
| २. | सहरी विकास तथा भवन निर्माण डिभिजन | श्री प्रभाकरलाल कर्ण<br>श्री अच्युतम प्रसाद खतिवडा | श्री फणिन्द्र ढुंगेल |
| ३. | जिल्ला विकास समितिको कार्यालय | श्री प्रदीप कुमार निरौला<br>श्री शिव प्रसाद हुमागाई<br>श्री इश्वर कुमार गिरी | श्री उमेश्वर प्रसाद काफ्ले |
| ४. | जिल्ला शिक्षा कार्यालय | श्री बद्री बहादुर पाठक | श्री भुजगेश्वर प्रसाद पौडेल<br>श्री निरा काफ्ले |
| ५. | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री फणिन्द्र प्रसाद बराल<br>श्री सुरेन्द्र प्रसाद चौरसिया | श्री रामजी प्रसाद कोइराला |
| ६. | डिभिजन सडक कार्यालय, खुर्कोट | श्री नविनमान श्रेष्ठ | श्री हरि प्रसाद तिमल्सिना |
| ७. | सिंचाई बिकास डिभिजन | श्री अनुभव चौधरी | श्री विनोद प्रसाद अधिकारी |
| ८. | जिल्ला बन कार्यालय | श्री कृष्ण देव भट्ट<br>श्री नविन गिरी | श्री राम बहादुर मगर<br>श्री जिवन कुमार भण्डारी |
| ९. | खानेपानी तथा सरसफाई डिभिजन | श्री मोहन कुमार शाक्य | श्री बासुदेव सापकोटा |
| १०. | नयाँ शहर आयोजना, खुर्कोट | श्री प्रदीप खनाल | श्री अमर बहादुर भुजेल |
| ११. | कारागार कार्यालय | श्री मातृका पहाडी | श्री हेम विक्रम चौहान |
| १२. | जिल्ला प्राविधिक कार्यालय | श्री श्याम सुन्दर मिश्र | श्री लोक बहादु नेपाली<br>श्री उमेश्वर प्रसाद काफ्ले |
| १३. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | डा. श्री श्याम कुमार साह | श्री राजन पराजुली |
| १४. | महिला तथा बालबालिका कार्यालय | श्री सुशिला आचार्य | श्री राममिलन पाण्डे |
| १५. | सिन्धुली अस्पताल, सिन्धुली | डा. श्री फणिन्द्रराज बराल | श्री पदम बहादुर मगर |
| १६. | पशुसेवा कार्यालय | श्री हरिकुमार श्रेष्ठ | श्री कविराज थापा |
| १७. | घरेलू तथा साना उद्योग विकास समिति | श्री नारायण कोईराला | श्री दिलिप श्रेष्ठ |
| १८. | जिल्ला प्रशासन कार्यालय | तारा बहादुर कार्की | श्री उत्तम भट्टराई |
| १९. | जिल्ला हुलाक कार्यालय | श्री प्रभुराम सुनुवार | श्री कृष्णविक्रम थापा |
| २०. | जिल्ला भू-संरक्षण कार्यालय | श्री कृष्ण प्रसाद पौडेल | श्री याम कुमारी सापकोटा |
| २१. | नापी कार्यालय | श्री छत्र बहादु लुङ्गेली | श्री पदम बहादुर मगर |
| २२. | ईलाका प्रहरी कार्यालय, खुर्कोट | श्री विश्वराम नगरकोटी | श्री मनु श्रेष्ठ |
| २३. | जिल्ला आयोजना कार्यान्वयन इकाई कार्यालय | श्री श्याम सुन्दर मिश्र | श्री लोक बहादुर नेपाली |
| २४. | कन्दमुल तरकारी विकास केन्द्र | श्री बिनोद कुमार साह | श्री रामहरी पोखरेल |

977-1-4258172, 4255707
info@oag.gov.np
Kathmandu, Nepal
977-1-4268309, 4262798
13328
www.oagnep.gov.np